# आर्थिक वर्ष २०७८/०७९ को

# बजेट वक्तव्य

प्रदेश सरकार

**आर्थिक मामिला तथा योजना मन्त्रालय**

बागमती प्रदेश

२०७८

प्रदेश सभाको मिति २०७८ असार १ गते मंगलबारको बैठकमा माननीय आर्थिक मामिला तथा योजना मन्त्री कैलाश प्रसाद ढुङ्गेलले प्रस्तुत गर्नु भएको

# आर्थिक वर्ष २०७८/०७९ को
# बजेट वक्तव्य

प्रदेश सरकार

आर्थिक मामिला तथा योजना मन्त्रालय

बागमती प्रदेश

२०७८

www.moeap.bagamati.gov.np

**माननीय सभामुख,**

१. विश्वव्यापी कोभिड-१९ महामारीले मानव जीवन, आर्थिक र सामाजिक क्षेत्रमा सिर्जना गरेको विषम् र कठिन परिस्थितिमा नागरिकको जीवन सहज बनाउँदै मुलुकको अर्थतन्त्रलाई गतिशिल बनाउन सहयोग पुग्ने गरी बागमती प्रदेश सरकारको आर्थिक मामिला तथा योजना मन्त्रीको हैसियतले यस गरिमामय प्रदेश सभा समक्ष आर्थिक वर्ष २०७८/०७९ को वार्षिक बजेट तथा कार्यक्रम प्रस्तुत गर्न उपस्थित भएको छु।

२. कोभिड-१९ को दोस्रो लहरको असर लम्बिदै गर्दा यसको प्रभाव कहिलेसम्म रहन्छ भनी यकिन गर्न कठिन भएको वर्तमान परिवेशमा जनस्वास्थ्य सम्बन्धी चुनौतिहरु हामी बीच थप भएका छन्। यस संकटपूर्ण घडीमा सरकारले आम नागरिकको जीवन रक्षालाई प्राथमिकता दिनुपर्ने देखिन्छ। साथै स्वास्थ्य सजगता अपनाउँदै आर्थिक गतिविधिहरुलाई पनि सक्रिय बनाउनु आवश्यक छ।

३. कोभिड-१९ को असरबाट शिथिल भएको अर्थतन्त्रलाई पुनरुत्थान गर्दै गतिशिल बनाउन तथा हाल देखिएको कोरोना भाईरस नयाँ भेरियन्टको संक्रमण रोक्नुपर्ने कठिन परिस्थितिका बीचमा आगामी आर्थिक वर्षको बजेट तथा कार्यक्रम प्रस्तुत गरिरहँदा मैले गहन जिम्मेवारी बोध गरेको छु। यी चुनौतिलाई सम्बोधन गर्दै प्रादेशिक विकास र सुशासन मार्फत समग्र मुलुकको समृद्धिको यात्रालाई टेवा पुर्‍याउने ध्येयका साथ आगामी आर्थिक वर्षको बजेट तथा कार्यक्रम यस सम्मानित प्रदेश सभामा पेश गर्न अनुमति चाहन्छु।

४. कोभिड-१९ को महामारीबाट मानवीय र आर्थिक क्षति हुनुका साथै मनोवैज्ञानिक त्रास पनि सिर्जना भएको छ। महामारी नियन्त्रणका लागि गरिएको प्रयासबाट बागमती प्रदेशका नागरिकमा परेको असहज परिस्थिति प्रति प्रदेश सरकारको तर्फबाट दुःख व्यक्त गर्न चाहन्छु। यस महामारीबाट प्रदेश सभाका माननीय सदस्य श्री पशुपति प्रसाद चौलागाईको दुःखद निधन प्रति हार्दिक श्रद्धाञ्जली प्रकट गर्दछु। साथै कर्तव्य निर्वाहका क्रममा ज्यान गुमाउनु भएका स्वास्थ्यकर्मी, सरसफाईकर्मी, सुरक्षाकर्मी, राष्ट्रसेवक कर्मचारी, जनप्रतिनिधि, नागरिक समाज, संचारकर्मी लगायत सम्पूर्ण नेपाली दिदीबहिनी तथा दाजुभाइहरूप्रति हार्दिक श्रद्धाञ्जली व्यक्त गर्दै शोकाकुल परिवारप्रति हार्दिक समवेदना व्यक्त गर्नुका साथै उपचाररत सबैको शीघ्र स्वास्थ्य लाभको कामना गर्दछु।

५. स्वास्थ्य संकटबाट मुलुकको उत्पादन, व्यापार तथा लगानीसम्मको आर्थिक क्रियाकलापहरुको श्रृंखला प्रभावित भएको छ। संक्रामक लगायत सबै प्रकारका रोग र विपद्बाट नागरिकको रक्षा गर्दै जनजीवन कसरी सुरक्षित बनाउने भन्ने चुनौति हाम्रो सामु रहेको विद्यमान अवस्थामा आर्थिक गतिविधि तथा विकास निर्माणलाई निरन्तरता दिन आगामी आर्थिक वर्षको बजेट महत्वपूर्ण हुनेछ भन्ने विश्वास लिएको छु।

६. देशमा खाद्यान्नको उत्पादन बढाउने, रोजगारी सिर्जना गर्ने, सार्वजनिक सेवा प्रवाहमा सुधार गर्ने, जनतालाई प्रत्यक्ष प्रभावित गर्ने भौतिक पूर्वाधारमा लगानी गर्नुपर्ने अहिलेको आवश्यकता भएकोले आगामी वर्षको

बजेट यस तर्फ केन्द्रित रहेको कुरा म माननीय सदस्यहरुलाई आश्वस्त गराउन चाहन्छु ।

७. संघीय लोकतान्त्रिक शासन व्यवस्थाको माध्यमबाट लोकतन्त्रका आधारभूत मूल्य मान्यता, मानव अधिकारको संरक्षण र सुशासन कायम गर्न **"समृद्ध नेपाल, सुखी नेपाली"** को राष्ट्रिय लक्ष्यलाई आत्मसात् गर्दै बागमती प्रदेशको **"सुसंस्कृत र सुखी जनताः समाजवाद उन्मूख समृद्ध प्रदेश"** भन्ने दीर्घकालिन सोच हासिल गर्ने दिशामा आगामी आर्थिक वर्षको बजेट तथा कार्यक्रम लक्षित रहेको कुरा म माननीय सदस्यहरु सबैलाई विश्वास दिलाउन चाहन्छु ।

८. नेपालको संविधानले परिकल्पना गरेको लोककल्याणकारी राज्यको अवधारणा, समाजवाद उन्मुख आर्थिक प्रणालीका साथै राज्यका निर्देशक सिद्धान्त, नीति तथा दायित्व, शान्ति र सुशासन, संघीय सरकारको वार्षिक नीति, योजना तथा कार्यक्रम, राजनीतिक दलहरुको चुनावी घोषणापत्र, बागमती प्रदेशको पहिलो आवधिक योजना, दिगो विकासका लक्ष्य र प्रदेश सभामा प्रस्तुत आगामी आर्थिक वर्षको विनियोजन विधेयक, २०७८ का सिद्धान्त र प्राथमिकतालाई बजेट तथा कार्यक्रम तयार गर्ने क्रममा मार्गदर्शनको रुपमा लिएको छु ।

**माननीय सभामुख,**

नेपाल सरकार अर्थ मन्त्रालयबाट जारी भएको आर्थिक सर्वेक्षण तथा अन्य निकायहरुबाट प्रकाशित तथ्याङ्क समेतका आधारमा बागमती प्रदेशको आर्थिक सामाजिक स्थितिको संक्षिप्त जानकारी गराउन चाहन्छु ।

९. आर्थिक वर्ष २०७७/०७८ मा यस प्रदेशको आर्थिक वृद्धिदर ४.६५ प्रतिशत रहने अनुमान रहेको छ।

१०. चालु आर्थिक वर्ष २०७७/०७८ को अनुमानित राष्ट्रिय वार्षिक कुल ग्राहस्थ उत्पादन (उत्पादकको मूल्यमा) रु. ४२ खर्ब ६६ अर्ब ३२ करोडमध्ये यस प्रदेशको अंश सबैभन्दा बढी अर्थात ३७.७० प्रतिशत रहने अनुमान छ। गत आर्थिक वर्षमा कोभिड-१९ महामारीका कारण यस प्रदेशमा बढी प्रभाव परेकोले कुल ग्राहस्थ उत्पादनमा सबैभन्दा बढी संकुचन भएको थियो।

११. यस प्रदेशको कुल ग्राहस्थ उत्पादनमा सेवा क्षेत्रको ७७.४०, कृषि क्षेत्रको १२.३० र उद्योग क्षेत्रको १०.३० प्रतिशत योगदान रहेको छ।

१२. प्रदेशगत रुपमा तुलना गर्दा यस प्रदेशमा सबैभन्दा बढी सडक सञ्जाल १५ हजार ६ सय ९२ किलोमिटर रहेको छ।

१३. २०७७ सालको फागुन मसान्तसम्म यस प्रदेशको जलविद्युत उत्पादन ४७२ मेगावाट रहेको छ भने विद्युत सुविधामा पहुँच पुगेका जनसंख्याको अंश ९४.४४ प्रतिशत रहेको छ।

१४. २०७७ सालको फागुन मसान्तसम्म यस प्रदेशमा बैंङ्क तथा वित्तीय संस्थाका शाखाहरु २ हजार ६ सय ७७ वटा सञ्चालनमा रहेसँगै वित्तीय पहुँचको उल्लेख्य विस्तार भएको छ। यस प्रदेशको ११९ स्थानीय तहमध्ये ११८ स्थानीय तहमा सरकारी कारोबार गर्ने बैङ्कका

शाखा विस्तार भएका छन् । धादिङको रुबी भ्याली गाउँपालिकामा मात्र बैङ्क तथा वित्तीय संस्थाको शाखा विस्तार हुन बाँकी छ।

१५. प्रदेश सरकारको चालु आर्थिक वर्षमा विनियोजनको करिब ७४ प्रतिशत खर्च हुने संशोधित अनुमान छ। कुल विनियोजनमध्ये चालुतर्फ ६५ प्रतिशत, पुँजिगततर्फ ८३ प्रतिशत खर्च र वित्तीय व्यवस्थातर्फ शत् प्रतिशत लगानी हुने संशोधित अनुमान छ।

१६. आर्थिक वर्ष २०७६/०७७ को विनियोजनको तुलनामा यथार्थ खर्च ५८.७१ प्रतिशत रहेको छ। सोमध्ये पुँजिगत खर्चको अंश ५७.७० प्रतिशत रहेको छ।

१७. चालु आर्थिक वर्ष २०७७/०७८ को दश महिनाको अवधिमा कुल विनियोजनको ३८.६२ प्रतिशत खर्च भएको छ।

१८. चालु आर्थिक वर्षमा वार्षिक लक्ष्यको तुलनामा करिब १०२ प्रतिशत राजस्व संकलन हुने संशोधित अनुमान छ। कुल राजस्व संकलन मध्ये यातायात क्षेत्रको राजस्व उच्च रहने र यसको अंश करिब १६ प्रतिशत हुने अनुमान गरिएको छ।

१९. विद्यमान कानुनी प्रावधान बमोजिम तयार पार्नु पर्ने मध्यमकालीन खर्च संरचना र चालु आर्थिक वर्षको विषयगत मन्त्रालयको प्रगति विवरण यसैसाथ संलग्न गरी पेश गरेको छु।

**माननीय सभामुख,**

२०. अब म आगामी आर्थिक वर्ष २०७८/०७९ को बजेटका उद्देश्य तथा प्राथमिकता प्रस्तुत गर्ने अनुमति चाहन्छु। बजेटको उद्देश्यहरु निम्नानुसार रहेका छन्।

क. महामारी, संक्रामक रोग, प्राकृतिक प्रकोप र विपद्को समयमा पनि नागरिकको जीवन रक्षा गर्दै मानवोचित जीवन निर्वाहको व्यवस्था मिलाई जनजीवनलाई सहज बनाउने,

ख. प्रदेश सरकारको प्रयास एवं लगानीलाई स्वास्थ्य, कृषि, पूर्वाधार विकास, उद्योग, ग्रामिण क्षेत्र, मानव विकास, रोजगारी, गरिबी निवारणको माध्यमबाट लोककल्याणकारी र समाजवाद उन्मूख अर्थतन्त्र निर्माण गर्ने दिशातर्फ निर्दिष्ट गर्ने, र

ग. प्रदेशको आन्तरिक राजस्व परिचालन र लगानीको उत्पादनशीलता वृद्धि गरी प्रादेशिक अर्थतन्त्रको पुनरुत्थान गर्ने।

२१. आगामी आर्थिक वर्ष २०७८/०७९ को लागि तय गरिएका बजेटका उद्देश्यहरु हासिल गर्न देहायका क्षेत्रगत र कार्यक्रमगत प्राथमिकता निर्धारण गरेको छु।

क. कोभिड-१९ महामारीको समयमा पनि प्रादेशिक अर्थतन्त्रलाई गतिशिल एवं सन्तुलित बनाइराख्न निजी, सहकारी तथा सरकारी लगानीमा उपलब्ध स्रोतको अधिकतम परिचालन गर्दै उत्पादन वृद्धि तथा रोजगारी सिर्जना,

ख. स्वास्थ्य सेवाको विश्वसनीयता अभिवृद्धि, स्वास्थ्य सम्बन्धी मापदण्डको पालना र नागरिकको जिउधनको रक्षा,

ग. आपत्कालिन अवस्थामा स्वास्थ्य सेवाको मागलाई धान्न सक्ने गरी प्रदेश भित्रका अस्पतालहरुको पूर्वाधार विकास,

आवश्यक यन्त्र उपकरणहरु, अक्सिजन प्लान्ट, खोप सेवा, चिकित्सक तथा स्वास्थ्यकर्मीहरुको प्रबन्ध,

घ. कोरोना महामारीबाट ज्यान गुमाएका विपन्न परिवारका आश्रितका लागि विशेष राहत, निजी क्षेत्रलाई सहुलियत, प्रोत्साहन र पुनरुत्थान सहित आर्थिक गतिशीलता,

ङ. कृषि क्षेत्रको औद्योगिकीकरण, व्यवसायीकरण, यान्त्रिकरण र बजारीकरण गरी कृषि उत्पादन र उत्पादकत्व अभिवृद्धि,

च. शिक्षा क्षेत्रमा लगानी बढाउँदै प्राविधिक, सीपयुक्त, जीवनपयोगी गुणस्तरीय शिक्षा प्रदान,

छ. शीघ्र सञ्चालन गरी उच्च प्रतिफल लिन सकिने प्रकृतिका पूर्वाधार आयोजनामा लगानी,

ज. वातावरणमैत्री, जलवायु परिवर्तन अनुकूलित, लैङ्गिक समानता र समावेशीकरण जस्ता दिगो विकासका सूचकहरु हासिल हुने कार्यक्रम सञ्चालन,

झ. पारदर्शी, गुणस्तरीय र प्रभावकारी सार्वजनिक सेवा प्रवाह, र

ञ. प्रादेशिक विकासमा संघीय सरकार र स्थानीय तहसँगको सहभागिता, समन्वय र सहकार्य।

**माननीय सभामुख,**

नेपालको संविधान एवम् विद्यमान कानुनी व्यवस्था र राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगबाट प्राप्त सिफारिस समेतको आधारमा आर्थिक वर्ष २०७८/०७९ मा स्थानीय तहमा वित्तीय हस्तान्तरण मार्फत् प्रदान गरिने अनुदान र राजस्व बाँडफाँटको विवरण प्रस्तुत गर्न चाहन्छु।

२२. आर्थिक वर्ष २०७७/०७८ को तुलनामा स्थानीय तहलाई प्रदान गरिने वित्तीय हस्तान्तरण अनुदानमा ३.६० प्रतिशतले वृद्धि गरेको छु।

२३. राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगद्वारा निर्धारित सूत्रको आधारमा यस प्रदेशका ११९ स्थानीय तहहरूलाई वित्तीय समानीकरण अनुदानतर्फ रु. १ अर्ब ५० करोड विनियोजन गरेको छु।

२४. प्रदेश समपूरक अनुदान सम्बन्धी कार्यविधि, २०७७ बमोजिम स्थानीय तहबाट प्रस्ताव भई आएका ३०९ वटा योजना तथा कार्यक्रम कार्यान्वयनको लागि समपूरक अनुदानतर्फ रु. २ अर्ब ९२ करोड बजेट व्यवस्था गरेको छु।

२५. प्रदेश भित्रका स्थानीय तहहरुबाट प्रदेश विशेष अनुदान सम्बन्धी कार्यविधि, २०७७ बमोजिम प्रस्ताव भई आएका ९१ वटा योजना तथा कार्यक्रम सञ्चालनको लागि विशेष अनुदानतर्फ रु. ४२ करोड बजेट व्यवस्था गरेको छु।

२६. प्रदेश सरकारका विषयगत मन्त्रालय/निकायबाट सन्तुलित रुपमा छनौट भई आएका आयोजना/कार्यक्रममा सशर्त अनुदानतर्फ रु. २ अर्ब ६६ करोड बजेट उपलब्ध गराउने व्यवस्था मिलाएको छु।

२७. कुल सशर्त अनुदान मध्ये शिक्षा तथा स्वास्थ्यतर्फका कार्यक्रमको लागि रु. ६९ करोड, कृषि तथा सहकारीतर्फका कार्यक्रमको लागि रु. २७ करोड लगायत अन्य भौतिक पूर्वाधारसँग सम्वन्धित कार्यक्रम सञ्चालनका लागि रु. १ अर्ब ७० करोड वित्तीय हस्तान्तरण हुने व्यवस्था मिलाएको छु।

२८. प्रदेश सरकारबाट संकलन भई प्रदेश र स्थानीय तहबीच बाँडफाँट हुने सवारी साधन करमध्ये ११९ स्थानीय तहलाई कुल रु. ४ अर्ब ३३ करोड राजस्व बाँडफाँट हुने अनुमान गरेको छु।

**माननीय सभामुख,**

अब म आगामी आर्थिक बर्षको क्षेत्रगत कार्यक्रम तथा विनियोजित बजेट प्रस्तुत गर्न चाहन्छु।

## कोभिड-१९ महामारी रोकथाम, नियन्त्रण र उपचार

२९. कोभिड-१९ लगायत महामारीजन्य रोगहरूको रोकथाम, नियन्त्रण र उपचारका कार्यहरूलाई थप प्रभावकारी बनाई विश्वसनीय र भरपर्दो स्वास्थ्य सेवा प्रदान गर्न आवश्यक पूर्वाधार, मेशीनरी उपकरण, जनशक्ति, औषधी, खोप लगायतका विषयलाई केन्द्रमा राखी महामारीजन्य प्रकोपलाई प्रतिरक्षा गर्न सक्ने गरी स्वास्थ्य क्षेत्रको सुधार गर्न आवश्यक बजेट व्यवस्था मिलाएको छु।

३०. कोभिड-१९ महामारी रोकथाम, नियन्त्रण र उपचार सम्वन्धी कार्यहरुलाई नतिजामूलक बनाउन प्रदेश अन्तर्गत रहेका सबै अस्पतालमा अक्सिजन प्लान्ट तथा पि.सि.आर. मेशिन खरिद प्रक्रिया अन्तिम चरणमा रहेको र आगामी आर्थिक बर्षको शुरुमै जडान कार्य सम्पन्न गरी सञ्चालन गरिनेछ। साथै, अस्पतालहरुमा बेडको संख्या वृद्धि गर्न तथा थप एच.डी.यू, आई.सी.यू., पि.आई.सि.यू. र भेन्टिलेटर जडान गर्न आवश्यक बजेट व्यवस्था गरेको छु।

३१. कोभिड-१९ को उपचारमा जनशक्तिको अभाव हुन नदिन आवश्यक चिकित्सक, नर्स तथा स्वास्थ्यकर्मीहरुलाई सेवा करारमा लिने व्यवस्था मिलाइनेछ। प्रदेश मातहत तथा स्थानीय तहका सार्वजनिक स्वास्थ्य सेवामा कार्यरत स्वास्थ्यकर्मीहरूको सीप र क्षमता अभिवृद्धिका कार्यक्रम सञ्चालन गर्ने व्यवस्था गरेको छु।

३२. कोभिड-१९ महामारी विरुद्धको खोपमा प्रदेशवासीको पहुँच पुर्‍याउन **"प्रदेश प्रमुख कोभिड-१९ खोप कार्यक्रम"** मार्फत नेपाल सरकारसँगको समन्वय र सहकार्यमा प्रदेश भित्रका सबै नागरिकहरुलाई कोरोना भाइरस विरुद्धको खोप प्रदान गर्न रु. २ अर्ब बजेट व्यवस्था गरेको छु।

३३. कोभिड-१९ महामारीमा उपचार, रोकथाम र नियन्त्रणको लागि अग्रपङ्क्तिमा रहेर कार्य गर्ने स्वास्थ्यकर्मी, सुरक्षाकर्मी लगायतका जनशक्तिलाई विशेष प्रोत्साहनको व्यवस्था गरेको छु।

३४. कोभिड-१९ बाट उत्पन्न स्वास्थ्य जोखिमबाट सुरक्षित हुने गरी खानेपानी तथा सरसफाईका गतिविधिहरुलाई एकीकृत रुपमा सञ्चालन गर्न र पूर्ण सरसफाई कार्यक्रम कार्यान्वयनमा ल्याउन आवश्यक बजेट व्यवस्था गरेको छु।

३५. **"कोभिड पश्चातको पुनरुत्थानको आधारः पूर्वाधार विकास, उत्पादन वृद्धि र रोजगार"** भन्ने सोचलाई आत्मसात् गर्दै कोभिड-१९ महामारीबाट सिर्जित जोखिमलाई मध्यनजर गरी स्वास्थ्य सम्बन्धी मापदण्डको पालना गराउँदै नागरिकको जिउधनको रक्षा गर्ने कार्यलाई उच्च प्राथमिकतामा राखी पूर्वाधार विकास निर्माणको कार्य अगाडि बढाइने छ।

३६. कोभिड-१९ को कारण रोजगार गुमाएका, बेरोजगार भएका, विदेशबाट फर्किएका तथा सीमान्तकृत समुदाय र आर्थिक रूपमा विपन्न युवा जनशक्तिलाई कृषि, उद्योग तथा सेवा क्षेत्रमा आकर्षित गर्न **"मेरो गाउँ: उद्यम सहित जिउँने ठाउँ"** भन्ने अभियान मार्फत् स्थानीयस्तरमा नै रोजगारी सिर्जनाका लागि साझेदारीमा क्षमता विकास, प्राविधिक सीप प्रदान सम्बन्धी कार्यक्रम सञ्चालन गर्न आवश्यक बजेट व्यवस्था गरेको छु।

३७. कोभिड-१९ महामारीबाट प्रदेशको अर्थतन्त्र र समग्र विकासमा परेको असरलाई न्यूनीकरण गर्न लक्षित वर्ग र क्षेत्र विशेषमा पुनरुत्थान र पुनर्भरण कार्यक्रम सञ्चालन गरिने छ । बैंक तथा वित्तीय संस्थाहरुको सहकार्यमा प्रदेश सरकारबाट सञ्चालित **"उत्पादन तथा रोजगारी सिर्जनाका लागि सहुलियतपूर्ण ऋण प्रवाह गर्ने कार्यक्रम"** लाई आगामी आर्थिक वर्षमा समेत निरन्तरता दिन रु. २ अर्ब बजेट विनियोजन गरेको छु।

३८. कोभिड-१९ महामारीले उद्योग, वाणिज्य तथा पर्यटन क्षेत्रमा पारेको असरलाई सम्बोधन गर्न **“जहाँ प्रविधि, पुँजी र सीप, त्यहाँ युवाको हित”** भन्ने सोचसहित युवाहरुमा उद्यमशिलता र स्वरोजगार विकास गर्न प्रविधि हस्तान्तरण, सहुलियतपूर्ण कर्जा, सीपमूलक तालिम लगायत युवालाई प्रोत्साहान गर्ने कार्यक्रम प्रस्ताव गरेको छु। चालिस वर्ष मुनि उमेर समूहका युवाहरुलाई लक्षित गरी सरल सहुलियतपूर्ण कर्जा, सीपमूलक तालिम लगायतका उद्यमी क्षमता अभिवृद्धि कार्यक्रमको लागि बजेटको व्यवस्था गरेको छु।

३९. साविक “प्रदेश पूर्वाधार विकास साझेदारी कार्यक्रमलाई” खारेजी गरी कोभिड- १९ को प्रभाव न्यूनीकरण गर्दै जनताको स्वास्थ्य प्रवर्द्धन गर्ने उद्देश्य सहित “**प्रदेश पूर्वाधार, स्वास्थ्य प्रवर्द्धन तथा कोभिड पुर्नस्थापना साझेदारी कार्यक्रम**” कार्यान्वयन गरिनेछ। यस कार्यक्रम मार्फत भौतिक पूर्वाधार निर्माण लगायत स्वास्थ्य पूर्वाधार संरचना, उपकरण खरिद जस्ता कोभिड-१९ प्रभाव न्यूनीकरण गर्ने प्रकृतिका आर्थिक पुर्नस्थापनाका कार्यक्रमहरु सञ्चालन गर्न रु. २ अर्ब ४२ करोड बजेट विनियोजन गरेको छु।

**माननीय सभामुख,**

अब म प्रदेश अर्थतन्त्रको पुनरुत्थान गर्न राहत, सहुलियत र छुट सम्बन्धी कार्यक्रम प्रस्तुत गर्दछु।

## कोभिड-१९ राहत र सहुलियत

४०. कोभिड-१९ महामारीको प्रभावले कमजोर भएको प्रादेशिक अर्थतन्त्रलाई गतिशिल बनाई अर्थतन्त्रका प्रमुख क्षेत्रको पुनरुत्थान गर्न राहत, सहुलियत र छुट प्रदान गर्ने व्यवस्था मिलाएको छु।

४१. कोभिड-१९ को कारण आमाबाबु दुवै गुमाएका बालबालिकाहरूलाई स्थानीय तहसँगको सहकार्यमा मासिक रु. ३ हजारको दरले शैक्षिक तथा सामाजिक भत्ता उपलब्ध गराउने व्यवस्था गरेको छु। साथै, अन्य कारणबाट आमाबाबु दुवै गुमाएका बालबालिकाहरूलाई मासिक रु. २ हजारका दरले सामाजिक सुरक्षा भत्ता प्रदान गर्न बजेट विनियोजन गरेको छु।

४२. नेपाल सरकार तथा बागमती प्रदेशका जिल्ला कोभिड- १९ संकट व्यवस्थापन केन्द्रको निर्णयानुसार मिति २०७८ बैशाख १६ गतेदेखि शुरू भएको निषेधाज्ञाको कारण उद्योग, व्यापार, होटल, ट्राभल टुर्स, ट्रेकिङ्ग, पर्यटन व्यवसाय, सवारी साधन, सञ्चार गृह लगायतका फर्म/व्यक्तिले दर्ता गरेको सरकारी निकायबाट नवीकरण तथा खारेजी सम्बन्धी सेवा लिदा तोकिए वमोजिम लाग्ने वा तिर्नुपर्ने कर, दस्तुर, शुल्क तथा जरिवाना समयमा तिर्न नसकेकाको हकमा सम्बन्धित जिल्लामा पूर्णरुपमा निषेधाज्ञा हटेको मितिले ६० दिन भित्र दाखिला गर्न आएमा तोकिए वमोजिम लाग्ने कर, दस्तुर र शुल्क बाहेक थप जरिवाना वा अतिरिक्त शुल्क नलाग्ने व्यवस्था गरेको छु।

४३. कोभिड-१९ महामारी दोस्रो लहरको प्रकोप बढेसँगै सार्वजनिक यातायात सञ्चालन गर्ने व्यक्ति तथा फर्मले आर्थिक वर्ष २०७८/०७९ को सवारी साधन कर संवत् २०७८ फागुन मसान्तभित्र बुझाएमा नवीकरण दस्तुर छुट दिई नवीकरण गर्ने व्यवस्था मिलाएको छु।

## स्वास्थ्य उपचार सेवा

४४. नागरिकको मौलिक हकको रुपमा रहेको स्वास्थ्य सेवालाई सहज, सुलभ र गुणस्तरीय बनाउन एवम् आपत्कालिन अवस्थामा समेत स्वास्थ्य सेवाको मागलाई धान्न सक्ने गरी प्रदेश भित्रका जिल्ला अस्पतालहरुको स्तरोन्नतिको लागि आवश्यक भवन, यन्त्र उपकरण, चिकित्सक तथा स्वास्थ्यकर्मीहरुको व्यवस्था मिलाउने कार्यलाई उच्च

प्राथमिकता दिएको छ। साथै, स्थानीय तहमा अस्पताल भवन निर्माण गर्न आवश्यक बजेट व्यवस्था गरेको छु।

४५. मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठानलाई आधुनिक र सुविधा सम्पन्न बनाउन भौतिक पूर्वाधार विकास तथा उपकरणको व्यवस्था गरी थप विधाका शैक्षिक कार्यक्रम सञ्चालनमा ल्याउन आवश्यक बजेट व्यवस्था गरेको छु। साथै, उक्त प्रतिष्ठान मातहत रहेको हेटौडा अस्पतालको भवन निर्माण लगायत स्वास्थ्य सम्बन्धी पूर्वाधार विकास गर्न प्रदेश सार्वजनिक निर्माण कार्यक्रमतर्फ बजेट विनियोजन गरेको छु।

४६. प्रदेश सभाका माननीय सदस्य स्वर्गीय पशुपति चौलागाईको सम्मान स्वरुप दोलखा जिल्लामा रहेको चरिकोट अस्पताललाई **"पशुपति चौलागाई स्मृति अस्पताल"** नामाकरण गरी सुबिधा सम्पन्न अस्पतालको रुपमा विकास गर्न आवश्यक बजेटको ब्यबस्था गरेको छु।

४७. मातृ तथा बाल स्वास्थ्य, किशोर-किशोरी, ज्येष्ठ नागरिक, महिला तथा अपाङ्गता भएका व्यक्तिहरुको स्वास्थ्य सेवालाई प्राथमिकतामा राख्दै प्रदेश भित्र बसोबास गर्ने सबै नागरिकलाई सहज स्वास्थ्य र खोप सेवामा पहुँच पुर्‍याउने कार्यलाई सहयोग पुग्ने गरी बजेटको व्यवस्था गरेको छु।

४८. वैकल्पिक चिकित्सा पद्धतिको माध्यमबाट नागरिकलाई स्वस्थ बनाइराख्न आयुर्वेद चिकित्सा, होमियोपेथिक, क्षारसुत्र, योग, पञ्चकर्म लगायतका कार्यक्रम सञ्चालन गर्न आवश्यक बजेट विनियोजन गरेको छु।

४९. प्रदेश अन्तर्गतका आयुर्वेद केन्द्रको भौतिक पूर्वाधार विकास, उपकरण तथा जनशक्तिको उचित व्यवस्थापन गरी वैकल्पिक चिकित्सा सेवा समेत प्रदान गर्न हेटौडा, नुवाकोट, ललितपुर र रामेछाप जिल्लामा रहेका आयुर्वेद केन्द्रलाई आयुर्वेद अस्पतालमा तथा चितवन जिल्लामा रहेको आयुर्वेद केन्द्र, रत्ननगरलाई वैकल्पिक चिकित्सा सेवा समेत प्रदान गर्ने गरी प्रादेशिक आयुर्वेद अस्पतालमा स्तरोन्नति गर्न बजेटको व्यवस्था गरेको छु।

५०. स्थानीय तहका ३ सय ५९ वटा सामुदायिक माध्यमिक विद्यालयहरूमा हाल कार्यान्वयनमा रहेको **"एक विद्यालय एक नर्स"** कार्यक्रमलाई निरन्तरता दिएको छु। यसरी नियुक्त भएका स्वास्थ्यकर्मीलाई कोभिड-१९ लगायत सरूवा रोगको रोकथाम तथा नियन्त्रणमा सचेतना जगाउन र अस्पताल एवम् स्वास्थ्य संस्थामा समेत आवश्यकता अनुसार परिचालन गर्ने व्यवस्था मिलाएको छु। साथै आगामी वर्ष यस कार्यक्रमलाई थप सामुदायिक माध्यमिक विद्यालयहरूमा समेत विस्तार गर्ने गरी रु. २६ करोड बजेट विनियोजन गरेको छु।

५१. प्रदेश अन्तर्गतका सिन्धुली, धादिङ्ग र त्रिशुली अस्पतालमा मृगौला रोगीका लागि निःशुल्क डायलासिस सेवा विस्तार गर्न आवश्यक बजेट व्यवस्था गरेको छु।

५२. **"मुख्यमन्त्री जनता स्वास्थ्य कार्यक्रम"** लाई नसर्ने रोगको रोकथाम, नियन्त्रण र उपचारमा केन्द्रित गरी सञ्चालन गर्न रु. २२ करोड बजेट विनियोजन गरेको छु।यस कार्यक्रम मार्फत क्यान्सर रोग

लागेका र मस्तिष्क घात भएका विपन्न नागरिकलाई सहयोग गर्ने, महिलामा हुने पाठेघर एवम् स्तन क्यान्सर उपचारमा सहयोग गर्ने, अब्स्ट्रेटिक फिष्टुलाको निःशुल्क परीक्षण गर्ने, हृदयघात उपचारमा सहयोग गर्ने र लक्षित वर्गलाई निःशुल्क स्वास्थ्य परीक्षण गर्ने लगायतका कार्यक्रम कार्यान्वयन गरिनेछ।

५३. प्रदेश मातहतका सबै अस्पतालहरूमा न्यूनतम सुविधा सम्पन्न एम्बुलेन्सको व्यवस्था गरिनेछ। विभिन्न निकायमा रहेका एम्बुलेन्सहरूबाट एकीकृत सेवा प्रवाह गर्न प्रादेशिक प्रेषण केन्द्र स्थापना गर्ने व्यवस्था मिलाएको छु।

५४. अति सीमान्तकृत एवं लोपोन्मुख समुदायलाई प्राथमिकतामा राख्दै स्थानीय तहमा सञ्चालनमा रहेका बर्थिङ्ग सेन्टरहरुको सबलीकरण र सबै गाँउपालिकाका विद्यालयमा सञ्चालित किशोर किशोरी लक्षित प्रजनन् तथा यौन स्वास्थ्य सम्बन्धी कार्यक्रमको लागि आवश्यक बजेट व्यवस्था गरेको छु।

## गुणस्तरीय शिक्षा, विज्ञान तथा प्रविधि

५५. कोभिड-१९ महामारीका कारण शैक्षिक सत्र २०७६ र २०७७ मा उल्लेख्य असर पर्न गयो। सबै शिक्षण संस्था र तालिम केन्द्रहरु बन्द भए। विद्यालय तहदेखि विश्वविद्यालय तहसम्मका सबै कक्षा र तहका विद्यार्थीको नियमित पठन पाठन, परीक्षा सञ्चालन, मूल्याङ्कन र परीक्षाफल प्रकाशन समयमा सम्पन्न हुन सकेन। यस परिवेशमा बालबालिकाको सिकाईलाई निरन्तरता दिन नेपाल सरकार र स्थानीय

तहसँगको सहकार्यमा सूचना प्रविधिको प्रयोग गरी वैकल्पिक पद्धति मार्फत शिक्षण सिकाईलाई निरन्तरता दिने व्यवस्था मिलाएको छु।

५६. राष्ट्र निर्माणमा योगदान दिन सक्ने गुणस्तरीय जनशक्ति उत्पादन गर्ने उद्देश्यले स्थापना गर्न लागिएको प्रदेश विश्वविद्यालयको स्थापना सम्वन्धी प्रारम्भिक कार्य गर्न बजेट विनियोजन गरेको छु । गुणस्तरीय उच्च शिक्षा ग्रामिण स्तरमा नै प्राप्त गर्न सकियोस् भनी सामुदायिक क्याम्पसको भौतिक तथा शैक्षिक पूर्वाधार विकासमा सहयोग पुर्‍याउन आवश्यक बजेट व्यवस्था गरेको छु।

५७. **"बागमती प्रदेशको इच्छा, समृद्धिको लागि प्राविधिक शिक्षा"** अभियानलाई साकार पार्न सामुदायिक विद्यालय एवम् शिक्षालयहरूको भौतिक तथा शैक्षिक पूर्वाधारको विकास गरी गुणस्तरीय प्राविधिक शिक्षामा पहुँच अभिवृद्धि गर्न बजेटको व्यवस्था मिलाएको छु।

५८. शैक्षिक गुणस्तर सुधार कार्यक्रम मार्फत विद्यार्थीलाई आत्मनिर्भर बनाउन प्रविधिमैत्री शिक्षा प्रणालीको विस्तार गर्दै स्वरोजगार, उद्यमशीलता र नव-अन्वेषण क्षमता अभिवृद्धिका लागि सामुदायिक विद्यालयमा सूचना तथा प्रविधि प्रयोगशाला स्थापना, विज्ञान तथा विषयगत प्रयोगशाला स्थापना, कम्पाउण्डवाल निर्माण र नमुना विद्यालय विकास गुरूयोजना लागु भएका २० वटा सामुदायिक माध्यमिक विद्यालयको भौतिक तथा शैक्षिक पूर्वाधार विकास कार्यक्रम कार्यान्वयन गर्न रु. ३५ करोड बजेट विनियोजन गरेको छु।

५९. शुन्य दरबन्दी भएका २ सय ६२ वटा सामुदायिक माध्यमिक विद्यालयमा विज्ञान वा गणित मध्ये कुनै एक विषयको माध्यमिक

तहको शिक्षक व्यवस्थापनका लागि प्रदान गरिँदै आएको अनुदान कार्यक्रमलाई निरन्तरता दिएको छु।

६०. **"साक्षर प्रदेश"** घोषणा अभियानलाई पूर्णता दिने अभिप्रायले काठमाण्डौ विश्वविद्यालयसँगको सहकार्यमा सामुदायिक विद्यालयहरुको गुणस्तर सुधार सुदृढीकरण गर्न र प्रदेश शैक्षिक व्यवस्थापन सूचना प्रणाली स्थापना गरी कार्यान्वयनमा ल्याउन आवश्यक बजेट विनियोजन गरेको छु।

६१. यस प्रदेशमा स्थायी बसोबास गर्ने आर्थिक तथा सामाजिक रूपमा पछाडि परेका वर्ग र समुदायलाई प्राथमिकतामा राखी सामुदायिक क्याम्पसमा अध्ययनरत छोरी बुहारीलाई प्रदान गरिने छात्रवृत्ति कार्यक्रमलाई निरन्तरता दिएको छु।

६२. नवीन ज्ञान तथा प्रविधिको अनुसन्धान, विकास र नवप्रवर्तनमा युवा वैज्ञानिकहरूलाई प्रोत्साहन गर्न प्रदेश विज्ञान प्रविधि कोष स्थापना गरिनेछ। यसको लागि आवश्यक बजेट विनियोजन गरेको छु। युवा वैज्ञानिक प्रोत्साहन कोषमा रहेको रकम समेत यसै कोषमा सार्ने व्यवस्था मिलाएको छु।

## महिला, बालबालिका, ज्येष्ठ नागरिक र समाजकल्याण

६३. **"प्रदेश र स्थानीय तहको एउटै सन्देशः बाल विवाहमुक्त हाम्रो प्रदेश"** भन्ने अभियान सहित शुरू भएको बालविवाह मुक्त प्रदेश तथा अपाङ्गमैत्री स्थानीय तह घोषणा गर्न प्रोत्साहन गर्ने कार्यक्रमलाई स्थानीय तहसँगको समन्वय र सहकार्यमा कार्यान्वयन गर्ने गरी निरन्तरता दिइएको छु।

६४. बालबालिकाको सर्वाङ्गीण विकासको थलोको रूपमा रहेको जिल्ला बाल विकास केन्द्रलाई स्थानीय तहसँगको सहकार्यमा नमुना केन्द्रको रूपमा स्तरोन्नति गर्न आवश्यक बजेट विनियोजन गरेको छु।

६५. हिंसापिडित तथा असहाय महिला, बालबालिका, अपाङ्गता भएका व्यक्ति तथा ज्येष्ठ नागरिकको उद्धार, संरक्षण एवम् पुनःस्थापनाका लागि बजेट व्यवस्था गरेको छु।

६६. विभिन्न खालका लैङ्गिक, जातजातीय तथा सामाजिक विभेदलाई पूर्णरुपमा उन्मूलन गर्ने र दलित, उत्पीडित तथा पिछडिएका अल्पसंख्यक समुदायको आर्थिक सामाजिक उत्थानका कार्यक्रमहरु संचालन गर्ने व्यवस्था मिलाएको छु।

## श्रम तथा रोजगार र सामाजिक सुरक्षा

६७. स्वदेशी कच्चा पदार्थ र सीपमा आधारित साना तथा मझौला उत्पादनमुखी उद्योग तथा व्यवसायलाई प्राथमिकता दिई युवा उद्यमी विकास सम्बन्धी कार्यक्रमहरू मार्फत रोजगारी सिर्जना गर्ने क्रियाकलाप सञ्चालनको लागि आवश्यक बजेट व्यवस्था गरेको छु।

६८. रोजगार तथा स्वरोजगार सिर्जनाका लागि अपाङ्ग, विपन्न दलित, दलित महिला, अति सीमान्तकृत महिला, लैङ्गिक तथा यौनिक अल्पसंख्यकहरूको जीविकोपार्जन सुधारका लागि मागमा आधारित तालिम कार्यक्रम मार्फत सीप, प्रविधि र बीउ पुंजी सहित व्यावसायिक तथा सीपमूलक तालिम सञ्चालन गर्न आवश्यक बजेट विनियोजन गरेको छु।

६९. अनौपचारिक क्षेत्रमा कार्यरत श्रमिकहरू तथा स्वरोजगार श्रमिकहरूलाई सामाजिक सुरक्षाको दायरामा ल्याउन स्थानीय तहसँगको सहकार्यमा श्रमिक अभिलेखीकरण सूचना प्रणाली स्थापना गर्ने व्यवस्था मिलाएको छु।

## युवा तथा खेलकुद

७०. खेलकुदको विकास र विस्तारका लागि खेलकुद पूर्वाधारहरुको निर्माण, संरक्षण र सञ्चालनका साथै खेलाडी, रेफ्री र प्रशिक्षकको क्षमता विकास गर्ने कार्यक्रम सञ्चालनमा जोड दिइनेछ।

७१. प्रदेशभित्र निर्माणाधीन खेलकुद पूर्वाधारको निर्माण कार्य दुई वर्ष भित्र सम्पन्न गर्न रु. २९ करोड बजेट विनियोजन गरेको छु। निर्माण सम्पन्न भएका रङ्गशाला र कभर्ड हलहरूको संरक्षण, सञ्चालन र व्यवस्थापन प्रदेश खेलकुद विकास परिषद् र स्थानीय तहबीचको सहकार्य र साझेदारीमा गर्ने व्यवस्था मिलाएको छु।

७२. प्रदेश युवा परिषद् मार्फत युवाहरूमा सीप, शिक्षा र उद्यमशीलता विकास गरिनेछ। प्रदेश भित्रका मौलिक ज्ञान तथा परम्परागत प्रविधिको स्तरोन्नति तथा व्यावसायीकरणमा प्रोत्साहित गर्ने कार्यक्रम कार्यान्वयन गर्न बजेटको व्यवस्था गरेको छु।

७३. बालबालिका तथा युवालाई लक्षित गरी लागुऔषध दुर्व्यसन, जातीय विभेद, सामाजिक कुरीति, यौनिक तथा घरेलु हिंसा, मानव बेचविखन र विद्युतीय अपराध विरूद्ध सचेतना जगाउन **'हाम्रो ध्यान युवा सचेतना अभियान'** कार्यक्रम सञ्चालन गर्ने व्यवस्था मिलाएको छु।

## कृषि तथा पशुपन्छी विकास

७४. कृषि क्षेत्रको उत्पादन र उत्पादकत्व वृद्धि गर्न हरित उत्पादन प्रविधि अवलम्बन गर्दै सम्भाव्य जिल्लाहरूमा कृषि, पशुपन्छी तथा मत्स्य विकास कार्यक्रम, चक्लाबन्दीमा आधारित सामूहिक खेती, बाँझो जग्गामा खेती जस्ता प्रोत्साहनमूलक कार्यक्रम सञ्चालन गर्न प्राथमिकता दिदै सो क्षेत्रको औद्योगिकीकरण, व्यवसायीकरण, यान्त्रिकीकरण र बजारीकरण गर्ने विशेष व्यवस्था मिलाएको छु।

७५. प्रदेश भित्रका १३ वटै जिल्लामा दूध उत्पादन गर्ने कृषकहरूलाई प्रोत्साहन गर्न उत्पादनमा आधारित अनुदान प्रणालीलाई निरन्तरता दिदै वित्तीय संस्था मार्फत दूध उत्पादक कृषकहरूको बैंक खातामा सोझै रकम जम्मा हुने गरी रु. १६ करोड बजेट विनियोजन गरेको छु।

७६. **"गरिब किसानको साथमा बागमती प्रदेश सरकार"** भन्ने अभियानका साथ यस प्रदेशमा रही निरन्तर कृषि, पशुपन्छी तथा मत्स्यपालन व्यवसायमा संलग्न साना, निर्वाहमुखी, विपन्न र सीमान्तकृत समुदायका किसानहरूको लागि प्राविधिक सहयोग सहित जीविकोपार्जन सुधार कार्यक्रम सञ्चालन गर्न आवश्यक बजेट विनियोजन गरेको छु।

७७. **"बाझो जमिनको प्रयोग, उत्पादनमा सहयोग"** भन्ने सोचका साथ आर्थिक वर्ष २०७७/०७८ देखि सञ्चालन भइरहेको बाँझो जमिनमा खेतीको लागि प्रोत्साहन कार्यक्रम निरन्तरताको लागि बजेट व्यवस्था गरेको छु।

७८. प्रदेश भित्र उत्पादित फलफूल, तरकारी लगायतका कृषि उपज भण्डारणका लागि सार्वजनिक क्षेत्र, निजी क्षेत्र र सहकारी क्षेत्रको साझेदारीमा निर्माणाधीन १७ हजार ७ सय मेट्रिक टन क्षमता भएका शीत भण्डारहरु आगामी आर्थिक वर्षमा निर्माण सम्पन्न गरी सञ्चालनमा ल्याउन रु. २० करोड बजेट विनियोजन गरेको छु।

७९. मकवानपुर जिल्लामा निर्माणाधीन दूध पाउडर प्लान्ट, प्रादेशिक कृषि थोक बजार र चितवन जिल्लामा चक्लेट सहितको दूध प्रशोधन केन्द्र आगामी आर्थिक वर्षमा निर्माण सम्पन्न गरी सञ्चालनमा ल्याउन आवश्यक बजेट विनियोजन गरेको छु।

८०. सम्भाव्यता, औचित्यता र आवश्यकताका आधारमा कृषि, पशुपन्छी र मत्स्य उत्पादन पकेट क्षेत्रको अवधारणामा खाद्यान्न, तरकारी, नगदे बाली, फलफूल, माछा, मासु, अण्डा, दूध, च्याउ, महजस्ता कृषि-पशुपन्छी उपजहरुको विशिष्टीकृत उत्पादन क्षेत्र निर्धारण गरी अभियानको रुपमा सिन्धुलीको दुधौली, चितवनको माडी, नुवाकोटको लिखु र पञ्चकन्या, सिन्धुपाल्चोकको इन्द्रावती र मेलम्ची तथा दोलखाको गौरीशंकरमा सञ्चालित सामूहिक खेती प्रर्वद्धन कार्यक्रमको निरन्तरता र दिगोपनाको लागि बजेट व्यवस्था गरेको छु।

८१. कृषि उपजहरुको उत्पादनोपरान्त हुने क्षतिको न्यूनीकरण तथा सुरक्षित भण्डारण गर्न स्थानीय तहको साझेदारी र समन्वयमा समूह, सहकारी तथा निजी क्षेत्रबाट संचालन हुने गरी फेब्रिकेटेड कोल्ड च्याम्बर, कृषि उपज संकलन केन्द्र तथा रष्टिक हाउस निर्माणको लागि आवश्यक बजेट विनियोजन गरेको छु।

८२. कृषि उत्पादन र बजारीकरणमा देखिएको असन्तुलन तथा कृषकले उचित मूल्य नपाउने गुनासो न्यूनीकरण गर्न कृषि क्षेत्रको मुख्य बालीहरुको न्यूनतम समर्थन मूल्य कायम गरी बिक्री नभएका कृषि उपजहरु संघीय सरकारको समन्वय तथा स्थानीय तहसँगको सहकार्यमा विभिन्न जिल्लाहरुमा भएका गोदाम घरमा भण्डारण गरी बिक्री वितरण व्यवस्थित गर्ने कार्यको आवश्यक बजेट विनियोजन गरेको छु।

८३. पशुपन्छी तथा मत्स्य क्षेत्रमा फैलन सक्ने महामारीजन्य रोगहरुको नियन्त्रणको लागि संघीय सरकारको समन्वय तथा स्थानीय तहहरूसँगको सहकार्यमा सर्भिलेन्स तथा रोग नियन्त्रण कार्यक्रम सञ्चालनको लागि बजेटको व्यवस्था गरेको छु।

८४. खाद्य स्वच्छता कायम गर्नका लागि व्यवसायिक कृषि र पशुपालन फर्महरुमा असल कृषि तथा पशुपालन अभ्यास सम्बन्धी प्रवर्द्धनात्मक कार्यक्रमहरु र विषादीको उचित प्रयोग सम्बन्धी कृषकलाई सचेतना दिने किसिमका कार्यक्रम सञ्चालनको लागि आवश्यक बजेट व्यवस्था गरेको छु।

८५. उपभोक्ताले तिर्ने मूल्य र कृषकले प्राप्त गर्ने मूल्यबीचको अन्तरलाई न्यून गर्न सबै स्थानीय तहमा **कृषि बजार सूचना केन्द्रको** स्थापना गरी स्थानीय कृषि उपजको मूल्य सूची प्रकाशित गर्ने र सोही मूल्यको आधारमा उपलब्ध गराउने कार्यक्रम सञ्चालन गर्न बजेट व्यवस्था मिलाएको छु।

८६. रासायनिक मलको प्रयोगलाई न्यूनीकरण गर्दै प्राङ्गारिक खेती पद्धतिलाई विस्तार एवम् प्रवर्द्धन गर्न प्राङ्गारिक मल उत्पादन, अर्गानिक खेतीलाई प्रोत्साहन र उत्पादनको बजारीकरणको लागि आवश्यक बजेट व्यवस्था गरेको छु।

**भूमि व्यवस्था र सहकारी**

८७. नेपाल सरकार र स्थानीय तहसँगको समन्वय र सहकार्यमा भूमिको बनौट र उपयुक्तताको आधारमा वर्गीकरण गरी सोही अनुसार भू-उपयोग गर्ने र समानता तथा औचित्यका आधारमा भूमिहीन, सुकुम्बासी तथा अव्यवस्थित बसोबासीहरूको समस्या समाधान गर्ने कार्यक्रम सञ्चालनको लागि बजेट व्यवस्था गरेको छु।

८८. प्रदेश र स्थानीय तहबीच बाँडफाँट हुने घरजग्गा रजिष्ट्रेशन शुल्क हाल मालपोत कार्यालयबाट संकलन भइरहेको हुँदा मालपोत तथा नापी कार्यालयहरुको भौतिक पूर्वाधार विकास, संस्थागत सुदृढीकरण र श्रेस्ता व्यवस्थापनको लागि आवश्यक बजेट व्यवस्था गरेको छु।

८९. सहकारी क्षेत्रको पुँजी, प्रविधि, प्रतिभा र सीपलाई उत्पादन, प्रशोधन र वितरण प्रणालीसँग आबद्ध गराई अर्थतन्त्रको आधार स्तम्भको रुपमा विकास गरिनेछ। साथै सहकारी संस्थालाई स्थानीय तहसँगको साझेदारीमा कृषि बजार केन्द्र स्थापना गर्न सहयोग उपलब्ध गराउने प्रबन्ध मिलाएको छु।

९०. भूमिहिन, दलित एवम् पिछडिएका वर्ग र समुदायलाई सहकारी संस्थामा आवद्ध गरी उद्यमशीलताका कार्यक्रमहरु सञ्चालन गर्न आवश्यक बजेट व्यवस्था गरेको छु।

## खानेपानी तथा सरसफाई

९१. प्रदेश भित्र रहेका सबै घरधुरीमा आधारभूत खानेपानीको पहुँच पुऱ्याउन **"एक घर, एक धारा"** कार्यक्रमलाई निरन्तरता दिदै आधारभूत खानेपानी सेवा विस्तार गरिनेछ। यसको लागि आवश्यक बजेट विनियोजन गरेको छु।

९२. राष्ट्रिय खानेपानी गुणस्तर मापदण्ड बमोजिम "खानेपानी गुणस्तर सुधार आयोजना" मार्फत कार्यान्वयनको चरणमा रहेका १ सय ७ नयाँ र २ सय ६ क्रमागत गरी कुल ३ सय १३ वटा खानेपानी योजनाहरुको निर्माण कार्य आगामी आर्थिक वर्षमा सम्पन्न गर्न आवश्यक बजेटको व्यवस्था गरेको छु।

९३. निर्माण कार्य अन्तिम चरणमा रहेका ३० वटा खानेपानी आयोजना/कार्यक्रमहरु समयमै सम्पन्न गरी आगामी आर्थिक वर्षमा ५८ हजार ४ सय ५० जनसंख्यालाई खानेपानी सेवा प्रदान गर्न आवश्यक बजेट व्यवस्था गरेको छु।

९४. खानेपानीका स्रोत संरक्षण, भूमिगत जल व्यवस्थापन तथा पुनर्भरण कार्यक्रम अगाडी बढाउनुको साथै अति सुख्खाग्रस्त क्षेत्रमा स्वच्छ खानेपानी संकलन, भण्डारण र वितरण सम्बन्धी विशेष कार्यक्रम सञ्चालन गर्न तथा ऐतिहासिक ढुङ्गेधारा र परम्परागत खानेपानीको

स्रोतलाई सम्पदाको रुपमा संरक्षण गर्न बजेटको व्यवस्था मिलाएको छ।

९५. हेटौडा र भरतपुर खानेपानी व्यवस्थापन बोर्डसँगको सहकार्य र सहलगानीमा खानेपानी योजना निर्माण तथा सञ्चालन गर्न आवश्यक बजेट विनियोजन गरेको छ।

९६. स्थानीय तहसँगको साझेदारीमा फोहोरमैला प्रशोधन र ढल निर्माण तथा सरसफाई कार्यक्रम सञ्चालन गर्ने व्यवस्था मिलाएको छ।

९७. खानेपानी तथा सरसफाई सम्बन्धी उल्लेखित कार्यक्रमहरु कार्यान्वयन गर्न रु. १ अर्ब ९२ करोड बजेट विनियोजन गरेको छ।

## सिंचाइ तथा उर्जा विकास

९८. सिंचाइ पूर्वाधार कार्यक्रमहरुको कार्यान्वयन गरी कृषि उत्पादन तथा उत्पादकत्व वृद्धि मार्फत रोजगारी सिर्जनाका साथै आयात प्रतिस्थापनमा जोड दिइनेछ। विगत आर्थिक वर्षदेखि सञ्चालन हुँदै आएको मागमा आधारित डिप बोरिङ, स्यालो बोरिङ, लिफ्ट सिंचाइ, सोलार सिंचाइ कार्यक्रमको निरन्तरता तथा नयाँ निर्माण गर्न आवश्यक बजेट व्यवस्था गरेको छ।

९९. **"प्रदेशको पानी, प्रदेशकै नागरिकको लगानी"** हुने गरी निजी, सहकारी तथा सार्वजनिक क्षेत्रको समन्वयमा जलस्रोत सम्बन्धी कार्यक्रमहरु संचालन गरिनेछ। नेपालको संविधान अनुसार प्रदेशको क्षेत्राधिकार भित्र पर्ने जलविद्युत आयोजनाहरुको सूची अद्यावधिक गरी सम्भाव्य

आयोजनाहरुको अध्ययन कार्य अगाडी बढाउन प्रबन्ध मिलाएको छु।

१००. कृषियोग्य भूमिमा बाह्रै महिना सिंचाइ सुविधा उपलब्ध गराउने लक्ष्य सहित तयार पारिएको दीर्घकालीन प्रादेशिक गुरुयोजना अनुरूप प्राथमिकता सूचीमा समावेश १९५ सिंचाइ योजनाहरुको कार्यान्वयन गर्न र निर्माण कार्यको अन्तिम चरणमा रहेका ८८ वटा सिंचाइ योजनाहरु सम्पन्न गरी २ हजार ३ सय ५० हेक्टर सिंचित क्षेत्र थप गर्न तथा ३ हजार २ सय ६० हेक्टर सिंचाइ प्रणालीको पुनःस्थापना गर्न आवश्यक बजेट बिनियोजन गरेको छु।

१०१. **"किसानका गह्रा: सधैं हराभरा"** हुने गरी "सुख्खाटार लिफ्ट सिंचाइ क्षेत्र विशेष कार्यक्रम" लाई निरन्तरता दिँदै २५ वटा लिफ्ट सिंचाइ योजना निर्माण कार्य अघि बढाउन र निर्माणाधीन तथा सम्पन्न भइसकेका भूमिगत स्यालो तथा डिप ट्युवेल सिंचाइ आयोजनाहरुमा सोलार प्रणाली जडान कार्यको लागि बजेट व्यवस्था गरेको छु।

१०२. जीर्ण अवस्थामा रहेको ८ हजार ६ सय हेक्टर सिंचित गर्ने लक्ष्य सहित निर्माण गरिएको नारायणी लिफ्ट सिंचाइ आयोजनाको पम्प हाउस "ए" को पूर्ण रूपमा आधुनिकीकरण कार्य आगामी आर्थिक वर्ष भित्र सम्पन्न गर्न र खगेरी सिंचाइ आयोजना सञ्चालन तथा व्यवस्थापन गर्न रु. २२ करोड बजेट विनियोजन गरेको छु।

१०३. **"नदी व्यवस्थापन सहित जमिन उकास"** कार्यक्रम अन्तर्गत गुरुयोजनामा समावेश ७ नदीहरु तथा १३२ अन्य खोलामा २६.५० किलोमिटर तटबन्धन निर्माण कार्य अघि बढाउन आवश्यक बजेट व्यवस्था गरेको छु।

१०४. **“बागमती प्रदेश पूर्ण उज्यालो कार्यक्रम”** मार्फत विद्युत नपुगेका सबै जिल्लाहरुको दुरदराजका बस्तीहरुमा ग्रामिण विद्युतीकरण, सौर्य उर्जा प्रबिधि जडान र अन्य वैकल्पिक उर्जाबाट उज्यालो पुऱ्याउन साथै उर्जा खपत विस्तार गर्न आवश्यक बजेट विनियोजन गरेको छु।

१०५. सौर्य उर्जा संरचना, तटबन्धन तथा बाँध र सिंचाइ संरचनाहरु निर्माण गर्न जम्मा रु. २ अर्ब ४३ करोड बजेट विनियोजन गरेको छु।

## सुरुङ्गमार्ग, सडक तथा पुल पूर्वाधार विकास

१०६. प्रदेश गौरवको आयोजनाको रुपमा रहेको पोष्ट बहादुर बोगटी (भीमफेदी-कुलेखानी) सुरुङ्ग मार्गको निर्माण कार्य आगामी आर्थिक वर्षमा शुरु गरिनेछ। यसका लागि संघीय सरकारको समेत सहलगानीमा निर्माण गर्ने गरि रु. ७५ करोड बजेट विनियोजन गरेको छु।

१०७. चितवनको नारायणी खगेरी सिंचाइ प्रणालीको ईम्ब्यांकमेन्टमा मेट्रो रेल, ट्राम जस्ता सम्भाव्य यातायातको लागि अध्ययन कार्य प्रारम्भ गरिनेछ। प्रदेश राजधानी हेटौडा - भरतपुर - मेघौली जोड्न मेट्रो रेल, ट्राम जस्ता यातायात सञ्चालनको पूर्व सम्भाव्यता अध्ययनको लागि बजेटको प्रबन्ध मिलाएको छु।

१०८. मदन भण्डारी मार्ग (भैंसे - भिमफेदी - कुलेखानी - सिस्नेरी - दक्षिणकाली) को कुल ५३ किलोमिटर मध्ये भैंसे-भीमफेदी ११.५० किलोमिटर सडक खण्ड दुई लेनमा स्तरोन्नति गर्ने कार्य आगामी आर्थिक वर्षमा सम्पन्न गरिनेछ। कुलेखानीदेखि दक्षिणकालीसम्मको सडक आगामी आर्थिक वर्षमा सम्पन्न गर्न र बाँकी २१ किलोमिटर

सडकलाई दुई लेनमा स्तरोन्नति गर्ने कार्य समेतको लागि आवश्यक बजेट विनियोजन गरेको छु।

१०९. **"प्रादेशिक लोकमार्ग"** कार्यक्रममा पुष्पलाल चक्रपथ अन्तर्गतका सडकहरुलाई प्राथमिकतामा राखी कार्यान्वयन गरिने नीतिलाई निरन्तरता दिंदै प्रादेशिक सडक आयोजनाहरु कार्यान्वयन गर्न रु. १ अर्ब २९ करोड बजेट विनियोजन गरेको छु।

११०. **"मुख्यमन्त्री प्रादेशिक सडक कार्यक्रम"** अन्तर्गत प्रदेशको मुख्य आर्थिक तथा बजार केन्द्र, धार्मिक, ऐतिहासिक, पर्यटकीय, औद्योगिक तथा अन्य महत्त्वका स्थलहरु जोड्ने रणनीतिक सडक वा उपमार्ग (बाईपास) जस्ता आयोजनाहरुका लागि रु. ३ अर्ब २५ करोड बजेट विनियोजन गरेको छु।

१११. प्रदेश भित्र रहेका शहरका मुख्य स्थान, शहरी चक्रपथ, कृषि बजार केन्द्र, शिक्षा र स्वास्थ्य केन्द्र जोड्ने तथा तत्काल प्रतिफल र रोजगारी सृजना गर्ने सडक आयोजनाहरुका लागि **शहरी तथा स्थानीय सडक** कार्यक्रममा रु. १ अर्ब ८७ करोड बजेट विनियोजन गरेको छु।

११२. प्रादेशिक सडक पुल कार्यक्रम अन्तर्गत आगामी आर्थिक वर्षमा सडक पुल तथा झोलुंगे पुल निर्माणको लागि रु. १ अर्ब २८ करोड बजेट विनियोजन गरेको छु।

११३. सडक सौन्दर्यीकरण तथा भूक्षय नियन्त्रणका लागि बायो ईन्जिनियरिङ्ग प्रविधि प्रयोग गरिनेछ। सडकमा हुने सवारी तथा पदयात्री दुर्घटना न्यूनीकरणका लागि सुरक्षाका संरचनाहरु निर्माण गर्न आवश्यक बजेटको व्यवस्था मिलाएको छु।

## भवन, आवास तथा शहरी विकास

११४. **"प्रदेश राजधानी पूर्वाधार विकास विशेष आयोजना"** मार्फत बागमती प्रदेशको राजधानी हेटौडालाई सुविधा सम्पन्न बनाउन सरकारी कार्यालय भवन, शिक्षा, स्वास्थ्य, सडक लगायतका विकासका पूर्वाधारहरुको निर्माण गर्न रु. ९७ करोड बजेट विनियोजन गरेको छु।

११५. प्रदेश सभा हल एवम् मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको सभा हल निर्माण कार्य आगामी आर्थिक वर्षमा सम्पन्न गर्न आवश्यक बजेट व्यवस्था गरेको छु।

११६. **"शहरी सडक पूर्वाधार सुधारः समुन्नत जीवनको आधार"** कार्यक्रमको लागि प्रदेश स्थित शहरी क्षेत्रका सडकहरुलाई स्तरयुक्त बनाउन दिगो शहरी सडक सुधार कार्यक्रमलाई निरन्तरता दिन आवश्यक बजेट विनियोजन गरेको छु।

११७. नेपाल सरकारसँगको समन्वयमा चितवन जिल्लास्थित माडीको अयोध्यापुरीलाई ऐतिहासिक, धार्मिक तथा पर्या-पर्यटकीय शहरको रुपमा विकास गर्न गुरुयोजना तयार गर्नुको साथै वैकुण्ठधाम मार्ग, अयोध्या वाटिका, राम-सीता उद्यान, हनुमान झुला, नदी व्यवस्थापन लगायतका निर्माण कार्य अगाडी बढाउने व्यवस्था मिलाएको छु।

११८. **"साना शहरः रमणीय क्षेत्रमा बस्ने हामी सबैको रहर"** कार्यक्रम अन्तर्गत सिन्धुलीको मरिण, धादिङ्गको सल्यानटार, काभ्रेपलाञ्चोकको भकुण्डेबेंसी, रसुवाको रसुवागढी भन्सार नाका र दोलखाको जिरी शहरको सौन्दर्यीकरण तथा एकीकृत शहरी विकास कार्यक्रम सञ्चालन गर्न आवश्यक बजेटको व्यवस्था गरेको छु।

११९. प्रसिद्ध तीर्थस्थल गोसाईकुण्ड एकीकृत विकास परियोजना अन्तर्गत गोसाईकुण्ड पदमार्ग, मन्दिर, पाटी, सार्वजनिक शौचालय तथा स्नान गृह लगायतका संरचना निर्माण तथा जिर्णोद्धार गर्न आवश्यक बजेट बिनियोजन गरेको छु।

१२०. पूर्व प्रधानमन्त्री स्वर्गीय कृष्ण प्रसाद भट्टराईको सम्झना स्वरुप हेटौडामा अन्तर्राष्ट्रियस्तरको **"कृष्ण प्रसाद भट्टराई स्मृति सम्मेलन केन्द्र"** स्थापना गर्न सम्भाब्यता अध्ययन कार्यको लागि बजेट व्यवस्था गरेको छु।

**यातायात व्यवस्थापन**

१२१. वातावरणमैत्री **'विद्युतीय बस'** र ठूला सार्वजनिक यातायात संचालन तथा व्यवस्थापन गरी यातायात सेवालाई सर्वसुलभ, विश्वसनीय र मितव्ययी बनाउन प्रदेश यातायात सञ्चालन तथा व्यवस्थापन बोर्ड मार्फत कार्यान्वयन गर्ने गरी नेपाल सरकारको सहलगानीमा आवश्यक पूर्वाधार सहितको विद्युतीय बस सेवा सञ्चालन गर्न रु. ५० करोड बजेट विनियोजन गरेको छु।

१२२. विद्युतीय सवारी साधनको प्रयोगलाई प्रोत्साहन गर्न चार्जिङ्ग स्टेशनको स्थापना गर्नुको साथै काठमाडौं - मुग्लिङ्ग र भरतपुर - हेटौडा खण्डका उपयुक्त स्थानहरुमा निजी क्षेत्रसँगको सहकार्यमा विद्युतीय चार्जिंग स्टेशन सहितको एकीकृत स्मार्ट रिफ्रेश एण्ड ट्रान्सफर सेन्टर निर्माण गरी सञ्चालनमा ल्याउन आवश्यक बजेट व्यवस्था गरेको छु। साथै बागमती प्रदेशको राजमार्गको छेउमा आवश्कता अनुसार सार्वजनिक शौचालय निर्माण गर्न आवश्यक बजेट विनियोजन गरेको छु।

१२३. बागमती प्रदेश भित्र सञ्चालन हुने सार्वजनिक सवारी साधनलाई सुरक्षित र दुर्घटना रहित बनाउन ट्राफिक प्रहरीसँगको सहकार्यमा सवारी साधनको नियमित चेकजाँच, सचेतना र अभिमुखीकरण सम्बन्धी कार्यक्रमहरु सहित **"यात्रुको सुरक्षाः सवारीको पहिलो प्राथमिकता"** अभियान सञ्चालन गरिनेछ। सार्वजनिक यातायातमा बालबालिका तथा महिला उपर हुने हिंसा र अन्य दुर्व्यवहार अन्त्य गर्न प्रहरीसँगको समन्वयमा **"तपाईको सुरक्षा एप"** विकास गरी कार्यान्वयनमा ल्याउन बजेटको व्यवस्था मिलाएको छु।

१२४. यातायात व्यवस्था कार्यालयबाट प्रदान गरिने सेवालाई छिटो, छरितो र प्रभावकारी बनाउन राजस्व भुक्तानी लगायतका क्रियाकलापहरु विद्युतीय प्रणाली मार्फत सञ्चालन गर्न बजेट व्यवस्था गरेको छु।

## वन तथा वातावरण संरक्षण

१२५. वातावरणमैत्री, जलवायु परिवर्तन अनुकूलित, लैङ्गिक समानता र समावेशीकरण लगायत दिगो विकासका लक्ष्यहरु हासिल हुने किसिमका कार्यक्रमहरुलाई प्राथमिकता दिई बजेट व्यवस्था गरेको छु।

१२६. शहरी क्षेत्रमा देखिएको वायु प्रदुषण र यसबाट जनस्वास्थ्यमा पारेको असर न्यूनीकरण गर्न **"बागमती प्रदेश, स्वस्थ र सफा प्रदेश"** अभियान मार्फत शहरी क्षेत्रका नदी किनार जग्गा, नदी उकास जग्गा, सार्वजनिक पर्ती, ऐलानी जग्गाहरूमा शहरी वन कार्यक्रम सञ्चालन गर्न बजेट व्यवस्था गरेको छु।

१२७. डढेलो, भू-क्षय, कटानबाट प्रदेश भित्रका वन क्षेत्रको सुरक्षा गरी सामुदायिक वनको दिगो व्यवस्थापन तथा वनमा आधारित उद्योगको

स्थापना र विस्तारमा विशेष जोड दिने प्रकृतिका कार्यक्रमहरु कार्यान्वयनको लागि आवश्यक बजेट विनियोजन गरेको छु।

१२८. प्रदेश राष्ट्रिय वन ऐन, २०७६ वमोजिम जडिवुटी एवम् गैरकाष्ठ वन पैदावरको वृक्षारोपण, संरक्षण र क्षेत्र विस्तार सम्बन्धी कार्यक्रम कार्यान्वयन गर्न गैरकाष्ठ वनपैदावार विकास बोर्डको स्थापना तथा सञ्चालनका लागि बजेट व्यवस्था गरेको छु।

१२९. समुदायद्वारा व्यवस्थित वनमा रहेको कोषलाई महिला सशक्तिकरण तथा गरिबी निवारणमा प्रयोग गर्ने वातावरण मिलाएको छु। सामुदायिक वनमा पुन: जागरण अभियान संचालनका लागि बागमती प्रदेशका सामुदायिक वनको कार्ययोजना नवीकरणका लागि आवश्यक बजेट विनियोजन गरेको छु।

१३०. चालु आर्थिक वर्षमा करिब ४ हजार ८ सय रोपनीमा व्यावसायिक जडिबुटी खेती थालनी भएको छ । यस कार्यक्रमको प्रभावकारितालाई मध्यनजर गर्दै आगामी वर्ष समेत थप त्यतिनै क्षेत्रफलमा वृक्षारोपण गर्नका लागि आवश्यक बजेट विनियोजन गरेको छु।

१३१. चुरे लगायतका संवेदनशील जलाधार क्षेत्रको **'स्वच्छ जलाधार, सफा पानी'** सोचका साथ नदी प्रणालीमा आधारित एकीकृत जलाधार व्यवस्थापन कार्यक्रमलाई थप व्यवस्थित बनाउन एक जिल्ला एक उपजलाधार व्यवस्थापन कार्यक्रमको थालनी गर्न आवश्यक बजेट व्यवस्था गरेको छु।

## उद्योग तथा वाणिज्य

१३२. कृषि तथा वनजन्य उद्योग, हस्तकला तथा परम्परागत पेशागत उद्योग र स्वदेशी कच्चा पदार्थ प्रयोग हुने उद्योगहरुको संचालन र आधुनिकीकरण गर्न तथा युवा उद्यमीहरुलाई प्रविधि हस्तान्तरण कार्यक्रम सञ्चालनको लागि आवश्यक बजेट व्यवस्था गरेको छु।

१३३. शहरी क्षेत्रमा बस्ने महिलाहरुको फुर्सदको समय सदुपयोग गर्न एक स्थानीय तह एक महिला सीपमूलक तालिम सहित साझा सुविधा केन्द्रको विकासका लागि बजेट व्यवस्था गरेको छु। यसबाट ५ हजार ९ सय ५० जना तालिम प्राप्त महिला उद्यमी तयार हुने अपेक्षा गरेको छु।

१३४. धादिङ्गको मासटार र हेटौडामा घरेलु तथा साना उद्योग उपज बिक्री घरको ठेक्का सम्झौता भई निर्माण कार्य शुरु भएको छ। हरेक जिल्लामा घरेलु तथा साना उद्योग उपज घर सहित महिला, दलित, लोपोन्मुख समुदाय र अपाङ्गता भएका व्यक्तिहरूद्वारा उत्पादित उपजहरुको बजारीकरणमा आवश्यक सहयोग पुऱ्याउन ३९ वटा बजार घर तथा कोशेली घर निर्माण गर्न आवश्यक बजेटको व्यवस्था गरेको छु।

१३५. **"एक स्थानीय तह एक उद्योग ग्राम"** कार्यक्रम अन्तर्गत हालसम्म घोषणा भएका १५ वटा उद्योग ग्रामहरुको पूर्वाधार विकास कार्यका लागि आवश्यक बजेटको व्यवस्था गरेको छु। साथै, थप १० वटा स्थानीय तहमा उद्योग ग्राम स्थापनाका लागि विस्तृत परियोजना प्रतिवेदन तयार गर्ने व्यवस्था मिलाएको छु।

१३६. सार्वजनिक निजी साझेदारी अवधारणामा प्रदेशबाट कागज उद्योग तथा स्यानीटेरी प्याड उद्योग स्थापनाको सम्भाव्यता अध्ययन भएको छ । कागज र स्यानीटेरी प्याड उद्योग स्थापनाका लागि विस्तृत आयोजना प्रतिवेदन तयार गर्न आवश्यक बजेट विनियोजन गरेको छु।

## पर्यटन प्रवर्द्धन र संस्कृति संरक्षण

१३७. आन्तरिक तथा बाह्य पर्यटनलाई प्रवर्द्धन गर्न विभिन्न जातजाति, धर्म, संस्कृति, भाषिक तथा सामाजिक विविधतालाई संरक्षण र सम्बर्द्धन गर्दै प्रदेश भित्र रहेका ऐतिहासिक, धार्मिक तथा पुरातात्विक महत्वका संरचना र स्थानको विकास, विस्तार र संरक्षण गरिनेछ।

१३८. **"पर्यटन क्षेत्रमा पूर्वाधार, दिगो विकासको आधार"** भन्ने सोचका साथ स्थानीय तहसँगको सहकार्यमा निर्माणाधीन तथा स्थापित गन्तव्यहरुको पूर्वाधार विकासलाई सुरक्षित, भरपर्दो र गुणस्तरीय बनाउन लगानी, स्वामित्व तथा व्यवस्थापन लगायतका पक्षमा सुधार गरी आम्दानी बाँडफाँटको संयन्त्र विकास गर्न आवश्यक प्रबन्ध मिलाएको छु।

१३९. तामाकोशी, भोटेकोशी र त्रिशुलीमा राफ्टिङ्ग, चितवनको वरण्डाभारमा प्रकृतिमा आधारित पर्यटन, लाङ्गटाङ्ग, जुगल तथा गौरीशंकरमा साहसिक तथा पर्वतीय पर्यटन प्रवर्द्धन गर्न आवश्यक बजेटको व्यवस्था मिलाएको छु।

१४०. नेपालको राजनैतिक र साँस्कृतिक इतिहासलाई जोगाईराख्न काठमाण्डौ महानगरपालिकाको समन्वयमा थानकोट स्थित त्रिभुवन

पार्कमा **"राजनैतिक संग्रहालय"** निर्माण गर्नको लागि आवश्यक बजेटको व्यवस्था गरेको छु।

१४१. पर्यटन प्रवर्द्धन र संस्कृति संरक्षण सम्बन्धी उल्लेखित कार्यक्रमहरु पर्यटन प्रवर्द्धन तथा पूर्वाधार विकास कार्यक्रम मार्फत् कार्यान्वयन गर्ने गरी रु. १ अर्ब ४७ करोड बजेट विनियोजन गरेको छु।

## कानून, शान्ति सुरक्षा र संचार तथा सूचना प्रविधि

१४२. प्रदेश सरकारबाट निर्मित नीति, कानून र नियमहरुको व्यवस्थित प्रकाशन र वितरण गर्दै सर्वसाधरणको पहुँचसम्म पुऱ्याउन विशेष जोड दिइनेछ।

१४३. दोलखा जिल्लाको डाङडुङे डाडामा फिल्म सिटी निर्माण, प्रवेशद्वार र सूचना केन्द्र सहितको प्रशासनिक भवन निर्माण निरन्तरताको लागि आवश्यक बजेट विनियोजन गरेको छु।

१४४. प्रदेश भित्रको सूचना तथा संचारलाई प्रभावकारी, व्यवस्थित र अनुशासित बनाउन सूचना बैङ्क सञ्चालन तथा व्यवस्थापनको लागि आवश्यक बजेट व्यवस्था गरेको छु। साथै प्रदेश सरकारको स्वायत्त संस्थाको रुपमा रहने गरी आम संचार गृह स्थापना र सञ्चालन गर्न रु.१० करोड बजेट विनियोजन गरेको छु।

१४५. प्रदेश भित्रका सबै जिल्ला र स्थानीय तहहरुमा निःशुल्क कानूनी तथा न्यायिक सहायता सञ्चालन तथा व्यवस्थापन कार्यक्रम कार्यान्वयनको लागि आवश्यक बजेट विनियोजन गरेको छु।

१४६. प्रदेश सरकारलाई जनता प्रति उत्तरदायी एवम् जवाफदेही बनाउन संचार माध्यमसँगको सहयोग एवम् सहकार्यमा सञ्चालित **"जनता**

**सामु प्रदेश सरकार कार्यक्रम"** लाई निरन्तरता दिने गरी बजेट व्यवस्था गरेको छु।

१४७. प्रदेश भित्र शान्ति सुरक्षा कायम गर्न र अपराधिक गतिविधि रोकथाम तथा नियन्त्रण गर्न प्रदेश प्रहरीलाई व्यवस्थित गर्दै सुबिधा सम्पन्न र प्रविधिमैत्री बनाउन प्रहरी भवन पूर्वाधार निर्माण कार्य निरन्तरताको लागि रु. ४५ करोड बजेट विनियोजन गरेको छु।

## विपद् व्यवस्थापन

१४८. बाढी, पहिरो, भू-क्षय, मनसुनजन्य जस्ता प्राकृतिक प्रकोप लगायत संक्रामक रोग, प्राकृतिक र मानवीय विपद् व्यवस्थापनमा द्रुत उद्धार, उपचार, राहत तथा पुनःस्थापना लगायतका कार्य गर्न विपद् व्यवस्थापन कोषको लागि रु. १० करोड बजेट व्यवस्था गरेको छु।

## राष्ट्र सेवक, सुशासन र सेवा प्रवाह

१४९. नेपाल सरकारले आगामी आर्थिक बर्षमा आन्तरिक पर्यटनलाई प्रवर्द्धन गर्न निजामती, सार्वजनिक संस्थान र प्रतिष्ठानका कर्मचारीलाई १० दिनको पारिश्रमिक बराबरको रकम सहित पर्यटन काज उपलब्ध गराउने व्यवस्था गरे अनुरुप कोभिड १९ बाट प्रभावित पर्यटन क्षेत्रलाई पुनरुत्थान गर्न प्रदेश सरकार मातहत कार्यरत कर्मचारीहरूलाई प्रदेश भित्रका उच्च पहाडी र तल्लो हिमाली क्षेत्रको पर्यटन गन्तव्यमा भ्रमण जानका लागि १० दिन बराबरको पारिश्रमिक सहित १० दिन पर्यटन काज सुविधा प्रदान गर्न आवश्यक बजेट व्यवस्था गरेको छु। यस्तो सुविधा प्रदेश सरकारले निर्धारण गर्ने मापदण्ड बमोजिम हुने व्यवस्था मिलाएको छु।

१५०. नेपाल सरकारले व्यवस्था गरे अनुसार प्रदेश सरकार मातहत कार्यरत निजामती कर्मचारीको मनोबल बढाई सार्वजनिक सेवालाई प्रभावकारी बनाउन निजामती कर्मचारीलाई रु. १० लाखसम्मको सामूहिक दुर्घटना बीमा र रु. १ लाखको स्वास्थ्य बीमा प्रिमियम वापतको रकम प्रदेश सरकारले व्यहोर्ने व्यवस्था मिलाएको छु।

१५१. राष्ट्रसेवकलाई प्रदान गरिने सेवा सुविधालाई समय सापेक्ष बनाउन नेपाल सरकारले व्यवस्था गरे अनुरुप २०७८ श्रावण १ गतेदेखि प्रदेश मातहतका सबै राष्ट्रसेवकको तलबमानमा मासिक रु. २ हजार वृद्धि गरेको छु। साथै हाल प्रदान गर्दै आएको महंगी भत्तालाई निरन्तरता दिएको छु।

१५२. निजामती कर्मचारीको क्षमता र मनोबल बढाउन स्वदेशी तथा विदेशी विश्वविद्यालयको प्रतिस्पर्धामा सहभागी भई स्नाकोत्तर वा विद्यावारिधिको लागि छनौट भएका बढिमा दुई जना कर्मचारीलाई छात्रवृत्ति सहितको तलबी अध्ययन बिदा प्रदान गर्न आवश्यक बजेटको व्यवस्था गरेको छु।

१५३. प्रदेशमा समायोजन भएका कर्मचारीहरु, नव नियुक्त र बढुवा भएका कर्मचारीहरु, प्रहरी र शिक्षकहरुको अभिलेखलाई व्यवस्थित गर्न स्थापना भएको प्रदेश कर्मचारी अभिलेख केन्द्रलाई सञ्चालनमा ल्याउन बजेट व्यवस्था गरेको छु।

१५४. **"बागमती प्रदेश डिजिटल प्रदेश"** भन्ने सोच सहित प्रदेशको योजना अनुगमन तथा मूल्याङ्कन, यातायात व्यवस्थापन, सवारी चालक अनुमतिपत्र, उद्योग, वाणिज्य, व्यवसाय दर्ता लगायतका सेवालाई विद्युतीय माध्यमबाट प्रवाह गर्न बजेटको प्रबन्ध गरेको छु।

१५५. सार्वजनिक सेवा प्रवाहमा सूचना प्रविधिको प्रयोग बढाई सेवालाई सहज, सरल, छरितो र पारदर्शी बनाइनेछ। सेवाग्राहीबाट प्राप्त पृष्ठपोषण र गुनासोको ईमान्दारितापूर्वक सम्बोधन गर्ने व्यवस्था मिलाएको छु।

## आर्थिक योजना, बजेट कार्यान्वयन र वित्तीय अनुशासन

१५६. कोभिड-१९ महामारीको कारण स्रोतमा परेको चापलाई व्यवस्थापन गर्न बजेट विनियोजन र खर्चमा मितव्ययिता सम्बन्धी मापदण्डको पालनालाई उच्च प्राथमिकता दिइने छ।

१५७. विनियोजित बजेटको कार्यान्वयन कुशलताको लागि विषयगत मन्त्रालय/निकायहरुको प्रभावकारी अनुगमन तथा मूल्याङ्कन गरी प्राप्त पृष्ठपोषणको आधारमा सम्बन्धित निकायहरुको कार्यान्वयन क्षमता प्रभावकारिता अभिवृद्धि गर्न मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा उच्चस्तरीय अनुगमन मूल्याङ्कन संयन्त्र बनाउने व्यवस्था मिलाएको छु।

१५८. बजेट कार्यान्वयन सहजीकरणका लागि आवश्यक निर्देशिका, कार्यविधि र मापदण्ड तर्जुमा गर्नुपर्ने भएमा सम्बन्धित निकायले आर्थिक वर्ष शुरु भएको पहिलो महिना भित्रै स्वीकृत गरी सक्नुपर्ने व्यवस्था मिलाएको छु।

१५९. प्रदेश आयोजना बैङ्कलाई मापदण्डमा आधारित बनाई नियमित रुपमा अद्यावधिक गरिनेछ। सम्भाव्यता अध्ययन लगायत पूर्व तयारी सम्पन्न भएका आयोजना मात्र कार्यान्वयनमा लगिनेछ।

१६०. वित्तीय अनुशासन कायम गर्न प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तदायित्व ऐन तर्जुमा गरी जिम्मेवार पदाधिकारीलाई सार्वजनिक खर्चको

नतिजाप्रति उत्तरदायी बनाइने । आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाई सार्वजनिक खर्चको कुशलता अभिवृद्धि गरिनेछ।

१६१. मध्यमकालीन खर्च संरचनाबाट सार्वजनिक खर्चको प्रक्षेपणलाई यथार्थपरक र वस्तुनिष्ठ बनाइने छ।

१६२. रकमान्तर र कार्यक्रम संशोधनको लागि विद्युतीय प्रणालीबाट प्रस्ताव गर्ने र स्वीकृत गर्ने व्यवस्था गरिनेछ।

१६३. प्रदेशबाट स्थानीय तहलाई वित्तीय हस्तान्तरण हुने अनुदान आर्थिक मामिला तथा योजना मन्त्रालय मार्फत मात्र परिचालन गर्ने व्यवस्था मिलाएको छु। यसबाट वित्तीय संघीयता सुदृढ हुने विश्वास लिएको छु।

१६४. स्थानीय तहले संकलन गरी प्रदेश र स्थानीय तहबीच बाँडफाँट हुने राजस्व र वित्तीय हस्तान्तरण भएको रकममध्ये खर्च नभई बचत भएको फिर्ता गर्नुपर्ने अनुदान रकम फिर्ता गर्ने कार्यसँगै प्रतिवेदन प्रणालीलाई व्यवस्थित गर्न पहल गरिनेछ।

१६५. नेपाल सरकारबाट प्रदेशमा र प्रदेश सरकारबाट स्थानीय तहमा वित्तीय हस्तान्तरण भएको अनुदानबाट सञ्चालित कार्यक्रमको प्रगति विवरण तथा खर्च प्रतिवेदन प्रणालीलाई थप व्यवस्थित गरिनेछ।

**माननीय सभामुख,**

अब म माथिका क्षेत्रगत नीति तथा कार्यक्रमहरु कार्यान्वयनका लागि बजेट विनियोजन र श्रोत व्यवस्थापनको अनुमान पेश गर्ने अनुमति चाहन्छु।

१६६. आगामी आर्थिक वर्षको क्षेत्रगत नीति तथा कार्यक्रमहरु कार्यान्वयन गर्न **रु. ५७ अर्ब ७२ करोड ९ लाख २७ हजार** विनियोजन गरेको छु । कुल विनियोजन मध्ये चालु तर्फ रु. २६ अर्ब १ करोड ६६

लाख २३ हजार, पुँजिगत तर्फ रु. २९ अर्ब ७० करोड ४३ लाख ४ हजार र वित्तीय व्यवस्थातर्फ रु. २ अर्ब विनियोजन गरेको छु । कुल विनियोजनमा चालु तर्फ ४५ प्रतिशत, पुँजिगत तर्फ ५१ प्रतिशत र वित्तीय व्यवस्थातर्फ ४ प्रतिशत रहेको छ।

१६७. आगामी आर्थिक वर्षको लागि अनुमान गरिएका खर्च व्यहोर्ने श्रोतमध्ये कर राजस्वबाट रु. २३ अर्ब ८२ करोड १८ लाख, अन्य राजस्वबाट रु. ६ अर्ब ८२ करोड १३ लाख ३१ हजार, संघीय सरकारबाट वित्तीय हस्तान्तरण अनुदानमा प्राप्त हुने रु. १६ अर्ब ९२ करोड ६८ लाख, विविध प्राप्ती रु. १ अर्ब ५ करोड ९ लाख ९६ हजार र चालु आर्थिक वर्षको राजस्व बचतबाट रु. ९ अर्ब १० करोड प्राप्त हुने अनुमान छ।

**माननीय सभामुख,**

अब म आगामी आर्थिक वर्ष २०७८/०७९ को राजस्व परिचालनका नीति तथा कार्यक्रम प्रस्तुत गर्ने अनुमति चाहन्छु।

१६८. आगामी आर्थिक वर्षको राजस्व नीति तथा करका दरहरु निर्धारण गर्दा कोभिड-१९ महामारीले मानव जीवनमा पारेको प्रभाव र यसको रोकथाम र नियन्त्रणको प्रयासबाट आर्थिक क्षेत्रमा पारेको संकटलाई मध्यनजर गरी करदाता तथा सेवाग्राहीलाई राहत एवम् सहुलियत सहित आर्थिक पुनरुत्थानलाई उच्च प्राथमिकता दिएको छु।

१६९. कोभिड-१९ महामारी, रोकथाम र नियन्त्रण प्रयासको कारण प्रभावित क्षेत्रको करका दरमा समायोजन, छुट लगायतका सहुलियत प्रदान गरिनेछ।

१७०. करका संरचना तथा दरहरुलाई समय सापेक्ष बनाउँदै करको दायरा विस्तार, कराधार संरक्षण र राजस्व चुहावट नियन्त्रण गरिनेछ।

१७१. राजस्व प्रणालीलाई थप प्रगतिशील, स्वच्छ, पारदर्शी, स्वचालित र अनुमानयोग्य बनाइनेछ।

१७२. राजस्व प्रशासनमा सूचना प्रविधिको प्रयोग बढाई प्रकृयागत सरलीकरण, व्यवसायिक, दक्ष र सुदृढ राजस्व प्रणालीको विकास गरिनेछ।

१७३. प्रदेश सरकारको आन्तरिक स्रोतबाट प्राप्त हुने राजस्वको दायरा वृद्धि गर्न थप नयाँ क्षेत्रहरूको पहिचान तथा हाल भइरहेका क्षेत्रहरूबाट प्राप्त हुने राजस्वका दरहरूमा समयानुकूल परिमार्जन गर्दै लगिनेछ।

